NIC ASIA
एन आई सी एशिया बैंक लि.

29 YEARS OF DOING MORE...

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2007 NEPAL

ISO 9001 Certified Bank

प्रेस विज्ञप्ति

आश्विन २१, २०८३

एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई नगरकोटस्थित होटल कन्ट्री भिल्लामा १० प्रतिशतसम्म छुट

एन आई सी एशिया बैंक लिमिटेड र नगरकोट, काभ्रेस्थित होटल कन्ट्री भिल्ला प्रा.लि.बीच बैंकका ग्राहक महानुभावहरूलाई उक्त होटलले प्रदान गर्ने विभिन्न सेवाहरूमा विशेष छुट प्रदान गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारी पत्रमा बैंकको तर्फबाट ट्रान्जेक्सन बैंकिङ्ग प्रमुख श्री पुजन लाल अमात्यज्यू र होटलको तर्फबाट फाइनान्स हेड श्री सुरेन्द्र होराज्यूले हस्ताक्षर गर्नुभयो ।

यस समझदारी अनुसार यस बैंकका ग्राहक महानुभावहरुले उक्त होटलमा सेवा लिँदा विभिन्न सेवाहरुमा १० प्रतिशतसम्म छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ । ग्राहक महानुभावहरुले होटलको आवासीय, खाना तथा पेय पदार्थ उपयोगमा उक्त छुट सुविधा प्राप्त गर्न सक्नुहुनेछ। यस छुट सुविधा अन्तर्गत डिलक्स वर्गका विभिन्न कोठाहरुको आवासीय सेवा लिँदा सप्ताहन्त (शुक्रबार र शनिबार) मा ५ प्रतिशत छुट सुविधा रहेको छ भने खाना तथा पेय पदार्थमा १० प्रतिशत छुट सुविधा उपलब्ध रहेको छ। अन्य दिनहरुमा भने दुवै सेवामा १० प्रतिशत छुट सुविधाको उपयोग गर्न सक्नुहुनेछ।

यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको मोबाइल बैंकिङ्ग सेवा (मोबैंक), डेबिट कार्ड र क्रेडिट कार्ड प्रयोग गरी उक्त छुट सुविधा प्राप्त गर्न सक्नुहुनेछ । उक्त होटलसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई छुट सुविधा उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

जयन्द्र बहादुर रावल

सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)